शुरुमा यस बुलेटिनका मुख्य समाचार

०९.१०.२०२६

- दिल्ली प्रहरीले भोलि जन्तर मन्तरमा CJP द्वारा प्रस्तावित विरोध प्रदर्शनका लागि अनुमति अस्वीकार गरेको छ।

- दिल्ली मेट्रो रेल कॉरपोरेशनले राष्ट्रिय राजधानी क्षेत्रमा सुरक्षा कारणले गर्दा आज राति 9 बजेदेखि भोलिसम्म 57 वटा मेट्रो स्टेशनहरू बन्द रहने जानकारी दिएको छ।

- रेल मंत्रालयले बताएको छ, आज दिउँसो 2 बजे पछि आ-आफ्ना प्रस्थान स्थलबाट छुट्ने र बिहान 4 बजेदेखि 2 बजेसम्मको बीचमा नयाँ दिल्ली र हजरत निजामुद्दीन रेलवे स्टेशनहरूमा आईपुग्ने सबै मेल र एक्सप्रेस रेलगाडहरू रद्द गरिदिएको छ।

- केन्द्रीय वित्त मंत्री निर्मला सीतारमण सिंगापुरको औपचारिक भ्रमणमा प्रस्थान गर्नुभएको छ।

- भारतीय मूलकी दक्षिण अफ्रिकी कानुनविद् नवनीतम नवी पिल्लैले शान्ति र अन्तर्राष्ट्रिय कानुनको प्रवर्धनमा पुऱ्याएको योगदानका लागि नोबेल शान्ति पुरस्कार जितेकी छिन्।
- क्रिकेटमा, भारतले आज राँचीमा वेस्ट इन्डिजविरुद्ध पाँच खेलको टी-20 अन्तर्राष्ट्रिय शृङ्खलाको दोस्रो खेल खेली रहेको छ।

दिल्ली प्रहरीद्वारा CJP लाई अनुमति अस्वीकार

दिल्ली प्रहरीले भोलि जन्तर मन्तरमा CJP द्वारा प्रस्तावित विरोध प्रदर्शनका लागि अनुमति अस्वीकार गरेको छ । आज बिहान नयाँ दिल्लीमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै दिल्ली प्रहरीकी संयुक्त आयुक्त नूपुर प्रसादले जन्तर मन्तरमा विरोध प्रदर्शन वा अन्य कार्यक्रमहरू आयोजना गर्न अनुमति माग्ने निवेदन कम्तीमा 10 दिन अगाडि नै गर्नुपर्ने बताइन् । उनले थप बताइन् कि सार्वजनिक सुरक्षा तथा शान्ति-सुरक्षा कायम राख्न आवश्यक प्रतिबन्धहरू लगाउँदै यस क्षेत्रमा हाल 'भारतीय नागरिक सुरक्षा संहिता' को धारा 163 अन्तर्गत निषेधाज्ञा लागू गरिएको छ।

DMRC - बन्द

दिल्ली मेट्रो रेल कॉरपोरेशनले राष्ट्रिय राजधानी क्षेत्रमा सुरक्षा कारणले गर्दा आज राति 9 बजेदेखि भोलिसम्म 57 वटा मेट्रो स्टेशनहरू बन्द रहने जानकारी दिएको छ। यी स्टेशनहरूमा राजीव चौक, लोक कल्याण मार्ग, केंद्रीय सचिवालय, जनपथ, पटेल चौक, नई दिल्ली, सेवा तीर्थ र मन्डी हाउस समावेश छन्। DMRC का अनुसार, नई दिल्ली मेट्रो स्टेशन बाहेक अन्य सम्बन्धित सबै मेट्रो स्टेशनहरूमा इन्टरचेन्ज सुविधा उपलब्ध रहनेछ। अर्को सूचना नआएसम्म यी मेट्रो स्टेशनहरू बन्द रहनेछन्।

रेलवे - ट्रेनहरू रद्द

उता रेल मंत्रालयले बताएको छ, आज दिउँसो 2 बजे पछि आ- आफ्ना प्रस्थान स्थलबाट छुट्ने र बिहान 4 बजेदेखि 2 बजेसम्मको बीचमा नयाँ दिल्ली र हजरत निजामुद्दीन रेलवे स्टेशनहरूमा आईपुग्ने सबै मेल र एक्सप्रेस रेलगाडहरू रद्द गरिदिएका छन्। यो निर्णय दुबै रेलवे स्टेशनहरू छेऊछाऊ क्षेत्रमा भोलि सडकमा यातायातको चाप बढ्ने आशंकाले गर्दा लिईएको हो।

सर्वोच्च अदालत - मेट्रो रेल सेवा

भोलि तय गरिएको CJP को विरोध प्रदर्शनको मध्यनजर गर्दै, सर्वोच्च अदालतले केन्द्र सरकार र सम्बन्धित निकायहरूलाई राष्ट्रिय राजधानीमा दिल्ली मेट्रो र रेल सेवा पूर्ण रूपमा बन्द नहुने सुनिश्चित गर्न निर्देशन दिएको छ। भारतका प्रधानन्यायाधीश सूर्यकांतको नेतृत्वमा रहेको इजलासले यात्रुहरूलाई हुने असुविधा कम गर्न सार्वजनिक यातायात सेवाहरू व्यवस्थित रूपमा सञ्चालन हुनुपर्ने बताएको छ।

प्रधानमन्त्री महिला तथा बाल विकास सम्बन्धी सम्मेलन

बाल प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीमा महिला तथा विकास-सम्बन्धी शिखर सम्मेलनको समापन सत्रमा सहभागिता जनाउनुहुँदैछ। हिजोबाट शुरु भएको दुईदिने यस सम्मेलनमा सबै राज्यका राजनीतिक नेतृत्व तथा महिला र बाल विकास क्षेत्रसित सम्बन्धित अधिकारीहरूको सहभागिता रहेको छ।

प्रधानमन्त्रीको 25 वर्षे यात्रा - सेमीकन्डक्टर

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा 25 वर्ष पूरा गर्नुभएको छ। 'जनसेवाबाट राष्ट्रसेवा' को मन्त्र र अविचलित प्रतिबद्धताले यो यात्रालाई परिभाषित गरेको छ, जुन निरन्तर जारी छ। सेवा र सुशासनको यसै दृष्टिकोणबाट निर्देशित भई, सरकारले सन् 2047 सम्ममा 'विकसित भारत' को लक्ष्य हासिल गर्न अथक प्रयास गरिरहेको छ। समावेशी विकास र सामाजिक सशक्तीकरणमार्फत यस समर्पणले जनजीवनमा परिवर्तन ल्याइरहेको छ।

सीतारमम- सिंगापुर

केन्द्रीय वित्त मंत्री निर्मला सीतारण आज सिंगापुरको औपचारिक भ्रमणमा प्रस्थान गर्नुभएको छ। तीन दिने यस भ्रमणका क्रममा वित्तमन्त्री सिंगापुरको नेतृत्व, व्यापार तथा लगानी क्षेत्रका वरिष्ठ प्रतिनिधिहरू र विश्वव्यापी संस्थागत लगानीकर्ताहरूसँग उच्च स्तरीय भेटघाट तथा छलफल गर्नुहुनेछ। भ्रमणका क्रममा सिंगापुरका राष्ट्रपति थर्मन षणमुगरत्नम र प्रधानमन्त्री लॉरेंस वोंगसँग शिष्टाचार भेट गर्नुहुनेछ। साथै सिंगापुरका उपप्रधानमन्त्री गैन किम योंग र विदेशमन्त्री डा. विवियन बालाकृष्णनसँग पनि उहाँले भेटवार्ता गर्नुहुनेछ।

जयशंकर-इथियोपिया

विदेश मन्त्री डा. एस. जयशंकरले भारत र इथियोपिया रणनीतिक साझेदारी, साझा मूल्य-मान्यता, समान आकाङ्क्षा र विकासशील देशहरु बीच ऐतिहासिक एकजुटतामा आधारित रहेको बताउनुभएको छ। डा. जयशंकरले अदिस अबाबामा इथियोपियाका विदेश मंत्री गेदियोन तिमोथेवोस हेसबोनसँग भेटवार्ता गर्नुभयो । सामाजिक सञ्जालमा गरिएको एक पोस्टमा उहाँले व्यापार, लगानी, विकास परियोजनादेखि लिएर पूर्वाधार, सामुद्रिक मामिला, सुरक्षा, प्रविधि र संस्कृतिलगायतका क्षेत्रमा द्विपक्षीय सम्बन्ध सुदृढ गर्ने विषयमा छलफल केन्द्रित रहेको बताउनुभयो ।

नोबेल शान्ति पुरस्कार

भारतीय मूलकी  दक्षिण अफ्रिकी कानुनविद् नवनीतम नवी पिल्लैले शान्ति र अन्तर्राष्ट्रिय कानुनको प्रवर्द्धनमा पुर्‍याएको योगदानका लागि आज नोबेल शान्ति पुरस्कार जितेकी छिन्। संयुक्त राष्ट्रसंघको मानव अधिकार प्रमुख तथा अन्तर्राष्ट्रिय न्यायालय (ICJ) की न्यायाधीश रहिसकेकी पिल्लै रङ्गभेदको वातावरणमा हुर्केकी थिइन्। उनले रङ्गभेद- विरोधी अभियानकर्मीहरूको पक्षमा वकालत गर्दै तथा मानव अधिकार र समानताको प्रवर्द्धनमा कार्य गरेकी हुन्।

क्रिकेट

क्रिकेटमा भारतले आज राँचीमा वेस्ट इन्डिजविरूद्ध पाँच खेलको टी- २० अन्तर्राष्ट्रिय श्रृङ्खलाको दोस्रो खेल खेल्दैछ। खेल भारतीय समयअनुसार साँझ ७ बजे शूरू भएकोछ। पहिलो खेलमा भारतले श्रृङ्खलामा १-० को अग्रता  लिएको छ।

स्मितलाई इजरायलको सर्वोच्च वीरता पुरस्कार

गत हप्ता 'फ्लाईदुबई' को विमानमा हुन सक्ने सम्भावित दुर्घटना टार्न मद्दत गरेकोमा भारतीय पाइलट क्याप्टेन स्मित मच्छारले इजरायलको सर्वोच्च नागरिक वीरता सम्मान प्राप्त गर्ने भएका छन् ।

इजरायली राष्ट्रपति आइज्याक हर्जोगले क्याप्टेन मच्छार स्वस्थ भएपछि उनलाई 'नागरिक वीरताका लागि राष्ट्रपति पुरस्कार प्रदान गरिने घोषणा गरेका छन् ।

UAE का अधिकारीहरूका अनुसार, उक्त उडानका सह-पाइलटले प्रहार गरी क्याप्टेन मच्छारमाथि आक्रमण गरेका थिए र 170 भन्दा बढी मानिसहरु सवार विमानलाई आफ्नो नियन्त्रणमा लिने प्रयास गरेका थिए। घाइते भए तापनि मच्छारले ककपिटको ढोका खोल्न सफल भए, जसका कारण यात्रुहरूले आक्रमणकारीलाई नियन्त्रणमा लिन सके।यस कार्यमा मद्दत गर्ने छ: जना इजरायली नागरिकहरूलाई पनि उनीहरूको साहसिक कदमका लागि पुरस्कार प्रदान गरिएको छ।